खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

मितिः २०८१।०६।११

(सूचना नं. ३१-२०८१।८२)

# थप दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना।।

यस खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयको सूचना नम्बर ०९, मिति २०८१/०४/३१ गतेको सूचना अनुसार विज्ञापन नम्बर ०६/२०८१।८२ को पदका लागि आवश्यक सङ्ख्यामा दरखास्त नपरेको हुँदा देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तपसिलको पदहरुको सेवा करारमा लिने सूचना बमोजिम निम्न योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यस गाउँपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बुमा रीतपूर्वकको दरखास्त पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१) पदसँग सम्बन्धित विवरण

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | आवश्यक सङ्ख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०६-२०८१।८२ | नगर प्रहरी जवान | प्रथमस्तर | ४ | ८ कक्षा वा सो सरह | ३०० | |

२) दरखास्त दिने मितिः २०८१/०६/१३ गते कार्यालय समय सम्म।

३) संलग्न गर्नुपर्ने कागजातको विवरणः नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता, ३ प्रति पासपोर्ट साइजको फोटो, तालिम एवम् अनुभव हासिल गरेको भए सो को प्रमाण पत्रहरुको प्रतिलिपि। आँखा जाँचको रिपोर्ट।

४) उमेरः १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

५) आवेदन दिने तरिकाः माथि उल्लिखित कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, लुक्ला शाखा स्थित यस गाउँपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता नं. २५८०१००३०१०१०००२ मा तोकिएको रकम जम्मा गरी जम्मा भएको सक्कलै बैंक भौचर संलग्न राखी दरखास्त निवेदन दिनुपर्ने छ। साथै दरखास्त फाराम यस गाउँपालिकाको Website बाट प्राप्त गर्न सकिनेछ।

६) छनोट विधिः

क) शारीरिक परीक्षण अन्तर्गत देहायका जाँचहरु एवम् शारीरिक तन्दुरुस्ती परीक्षण गरिनेछ।

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046

१) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको।

२) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको।

३) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

४) शारीरिक तन्दुरुस्ती परीक्षण सम्बन्धी आधारहरु देहाय बमोजिम हुनेछन्।

| क्र.सं. | विवरण | अति उत्तम | | अङ्क | उत्तम | | अङ्क | पास | | अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | |
| १ | पुस अप | २० पटक | १४ पटक | १० | १४ पटक | ८ पटक | ६ | १२ पटक | ४ पटक | ४ |
| २ | सेट अप | २० पटक | १५ पटक | १० | १५ पटक | ८ पटक | ६ | १२ पटक | ४ पटक | ४ |
| ३ | चिन अप | १२ पटक | ३ पटक | १० | ८ पटक | २ पटक | ६ | ५ पटक | १ पटक | ४ |
| ४ | छोटो दौड (३०० मि.) | ४५ सेकेण्ड | ५५ सेकेण्ड | १० | ५१ सेकेण्ड | ६१ सेकेण्ड | ६ | ५७ सेकेण्ड | ६७ सेकेण्ड | ४ |
| ५ | लामो दौड (३२०० मि.) | १४ मिनेट | १८ मिनेट | १० | १६ मिनेट | २० मिनेट | ६ | १८ मिनेट | २२ मिनेट | ४ |
| | जम्मा अङ्क | | | ५० | | | ३० | | | २० |

ख) २० अङ्कको अन्तर्वार्ता परीक्षा हुनेछ। लिखित परीक्षा हुनेछैन।

ग) चरणबद्ध रुपमा सफल उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ।

७) <u>सेवा सुविधा र अन्य:</u> सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। पुनः विज्ञापनमा यस अघि दरखास्त बुझाएका उम्मेदवारहरु पुन दरखास्त बुझाउनु पर्ने छैन ।

*पुनश्चः यस विज्ञिपनको परीक्षा कार्यक्रम यस कार्यालयको सूचना नम्बर २८-२०८१।८२ बमोजिम मिति २०८१ आश्विन १४ गते विहान ७:०० बजे शारीरिक तन्दुरुस्ती परीक्षण र दिउँसो २:०० बजे अन्तर्वार्ता हुनेछ।*

<u>थप जानकारीको लागि सम्पर्कः ०३८५९००४६</u>

(जगत प्रसाद धुसाल)
प्रमुख प्रशासकीय अधिकृत